# नेपाली पानी जहाज दर्ता नियमावली, २०२८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२८।११।१५

संशोधन

नेपाली पानी जहाज दर्ता (पहिलो संशोधन) नियमावली, २०७० २०७०।०१।३०

पानी जहाज दर्ता ऐन, २०२७ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "नेपाली पानी जहाज दर्ता नियमावली, २०२८" रहेको छ।

(२) यो नियमावली नेपाल राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा—

(क) "ऐन" भन्नाले पानी जहाज दर्ता ऐन, २०२७ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले ऐनको दफा ४ को उप-दफा (३) बमोजिम स्थापना भएको नेपाल पानी जहाज कार्यालय सम्झनुपर्छ।

३. **दरखास्त दिनु पर्नेः** कुनै पानी जहाज दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची-१ को ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्छ।

४. **दर्ता दस्तुरः** नियम ३ अनुसार दिइने प्रत्येक दरखास्तको साथमा अनुसूची-२ मा लेखिए बमोजिमको दस्तुर समेत दाखिला गर्नु पर्नेछ।

५. **दरखास्त दिन पाउने व्यक्तिः** (१) नियम ३ बमोजिम दिइने दरखास्तमा देहायमा लेखिएका कुनै व्यक्तिले दरखास्त गरी पेश गरेको हुनुपर्छः—

(क) त्यस्तो पानी जहाज कुनै एक व्यक्तिको मात्र स्वामित्व भए निजले वा निजको अधिकृत प्रतिनिधि वा वारिसले, वा

(ख) एक भन्दा बढी व्यक्तिको स्वामित्व भए त्यस्ता सबै व्यक्तिहरूले वा व्यक्तिहरूको अधिकृत प्रतिनिधि वा वारिसले, वा

(ग) कुनै सङ्गठित संस्थाको स्वामित्व भए त्यस्तो सङ्गठित संस्थाको सञ्चालकहरूले वा सञ्चालक समितिले कुनै सञ्चालक वा व्यक्तिलाई अधिकार दिएमा त्यस्तो अधिकृत प्रतिनिधिले।

(२) उप-नियम (१) अनुसार अधिकृत प्रतिनिधि वा वारिसले दरखास्त दिँदा आफूलाई प्राप्त अधिकारपत्र वा अख्तियारपत्र समेत पेश गर्नु पर्नेछ।

६. **स्वामित्व सम्बन्धी विवरणः** नियम ३ अनुसार दिइने प्रत्येक दरखास्तको साथमा अनुसूची-३ बमोजिमको ढाँचामा स्वामित्व सम्बन्धी विवरण समेत पेश गर्नु पर्नेछ।

७. **जहाज निर्माणको प्रमाणपत्रः** कुनै नयाँ बनेको पानी जहाज दर्ता गर्नको लागि पेश गरिने दरखास्तको साथमा सो जहाज निर्माण गर्ने कम्पनीले प्रदान गरेको निर्माण सम्बन्धी प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

८. **अन्यत्र दर्ता भइरहेको पानी जहाज दर्ता गराउँदा निस्सा प्रमाण पेश गर्नु पर्नेः** अन्य मुलुकमा दर्ता भइरहेको कुनै पानी जहाजलाई नेपाली पानी जहाजको रूपमा दर्ता गर्नको लागि दरखास्त दिँदा सो जहाजको अघिल्लो दर्ता सम्बन्धी निस्सा प्रमाण र त्यस्तो जहाज उपर दर्ता गराउनेलाई स्वामित्व प्राप्त भएको लिखित कागजपत्र समेत पेश गर्नु पर्नेछ।

९. **टनेज सम्बन्धी प्रमाणपत्रः** कुनै पानी जहाज दर्ता गर्नको लागि दिइने दरखास्तको साथमा सो जहाजको सम्बन्धमा सन् १९४७ मा ओस्लोमा भएको पानी जहाजको टनेज मापन सम्बन्धी सन्धिपत्र अनुसार प्रदान गरिएको नवीनतम अन्तर्राष्ट्रिय टनेज प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

१०. **पानी जहाजको नामः** (१) कुनै पानी जहाज दर्ता गर्नको लागि दिइने दरखास्तमा सो पानी जहाजको निमित्त प्रस्तावित नाम समेत उल्लेख गर्नुपर्छ।

(२) उप-नियम (१) अनुसार प्रस्तावित नाम पहिले नै अरू पानी जहाजलाई प्रदान गरिएको नामसँग मिल्दोजुल्दो भएमा वा राष्ट्रिय हितको दृष्टिबाट त्यस्तो नाम राख्न अनुपयुक्त हुने भनी रजिष्ट्रारले ठहराएमा निजले सो नामको सट्टा अर्को नाम प्रस्ताव गर्न लगाउन सक्नेछ।

(३) उप-नियम (१) र (२) अनुसार प्रस्तावित नाम स्वीकृत भएमा सो पानी जहाजलाई सोही नामले दर्ता गरिनेछ।

(४) यस नियम अनुसार एउटा पानी जहाजलाई प्रदान गरिएको नाम सो पानी जहाजको दर्ता जुनसुकै कारणबाट समाप्त भए तापनि अर्को कुनै पानी जहाजलाई प्रदान गरिने छैन।

तर कुनै पानी जहाजको दर्ता कुनै कारणबाट बदर भै पछिबाट सोही पानी जहाज फेरि दर्ता गर्नको लागि दरखास्त दिंदा साविकमा रहेको नाम राख्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन।

११. **<u>दर्ता किताबको ढाँचाः</u>** नेपाली पानी जहाजको दर्ता किताबको ढाँचा अनुसूची-४ बमोजिम हुनेछ।

१२. **<u>पानी जहाजको दर्ता र त्यसको प्रमाणपत्रः</u>** (१) कुनै पानी जहाज दर्ता गर्नको लागि प्राप्त भएको दरखास्त र कागजपत्र जाँचबुझ गर्दा गर्न उपयुक्त देखिएमा रजिष्ट्रारले सो पानी जहाजलाई नेपाली पानी जहाजको दर्ता किताबमा दर्ता गरिदिनेछ।

(२) उपनियम (१) बमोजिम पानी जहाजलाई दर्ता गरेपछि पचास रुपैयाँ दस्तुर लिई त्यस्तो पानी जहाजलाई अनुसूची-५ बमोजिम दर्ताको प्रमाणपत्र प्रदान गरिनेछ।

१३. **<u>दर्ता गर्नको लागि पेश गरिएका प्रमाणपत्रहरू कार्यालयमा राखिनेः</u>** नियम १२ बमोजिम कुनै पानी जहाज दर्ता भएमा सो पानी जहाज दर्ता गर्ने सम्बन्धमा नियम ७, ८ र ९ बमोजिम पेश गरिएका सक्कल प्रमाणपत्र निस्सा र लिखतहरू कार्यालयमै राखिनेछ।

१४. **<u>राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्राप्त गर्नुपर्नेः</u>** (१) ऐनको दफा १६ को उप-दफा (१) को खण्ड (क) बमोजिमको अवस्थामा नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्रको लागि दरखास्त गर्न पाउने व्यक्तिले सबैभन्दा नजिकको ✖................ नेपाली वाणिज्य दूतावास वा कूटनैतिक कार्यालयमा अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्छ।

(२) उप-नियम (१) बमोजिम दिइने दरखास्तको साथमा पचास रुपैयाँ वा सो बराबर मूल्यको स्थानीय मुद्रा दाखिल गर्नुपर्छ।

---

✖ पहिलो संशोधनद्वारा झिकिएको ।

(३) उप-नियम (१) बमोजिम दिएको दरखास्तमा लेखिएको व्यहोरा ठीक ठहरे सम्बन्धित ✖………… वाणिज्य दूतावास वा कूटनैतिक कार्यालयले त्यस्तो पानी जहाजलाई अनुसूची-७ बमोजिमको नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्रदान गर्नेछ।

(४) उप-नियम (३) बमोजिम राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्रदान गर्ने ✖………. नेपाली वाणिज्य दूतावास वा कूटनैतिक कार्यालयले त्यस्तो प्रमाण पत्र प्रदान गरेको सूचना यथाशीघ्र कार्यालयलाई दिनुपर्छ।

१५. **दर्ताको क्रमसंख्याः** नियम १२ बमोजिम दर्ता गरिने प्रत्येक नेपाली पानी जहाजको परिचयको निमित्त अङ्क वा अक्षर वा दुवै भएको क्रम सङ्ख्या कायम गरी सोही क्रममा सो पानी जहाजलाई दर्ता गरिनेछ।

१६. **दर्ताको नाम पानी जहाजमा लेख्नेः** (१) प्रत्येक नेपाली पानी जहाजमा सो जहाजको दर्ताको नाम र दर्ताको स्थान समेत देवनागरी र रोमन लिपिमा सेतो तेल रङ्गद्वारा कालो पृष्ठभूमिमा ऐनको दफा १९ को उपदफा (३) अनुसार तोकिएको स्थानमा लेख्नु पर्छ।

(२) उप-नियम (१) बमोजिम लेखिने प्रत्येक अक्षरहरूको आकार र आपस्तको अन्तरको नाम रजिष्ट्रारले तोकिदिए बमोजिमको हुनेछ। तर दर्ताको स्थान सम्बन्धी अक्षरहरूको आकार भन्दा नामको अक्षरको आकार स्पष्ट रूपमा ठूलो हुनुपर्नेछ र यी अक्षरहरू चौडाई दश सेन्टीमिटर र उचाई चालिस सेन्टीमिटरभन्दा कम हुनेछैन।

(३) यस नियम बमोजिम पानी जहाजमा लेखिने अक्षरहरू जुन अनुपातमा कुनै जहाजमा लेखिएकोछ सोही अनुपातमा सो जहाजको साथमा रहने डुङ्गा तथा डिङ्गोहरूमा पनि लेख्नु पर्नेछ।

१७. **पानी जहाजको नाममा परिवर्तनः** (१) कुनै पानी जहाजलाई पहिलो पटक दर्ता गर्दाको नाममा परिवर्तन गर्न आवश्यक परेमा त्यस्तो परिवर्तन गर्नु परेको कारण स्पष्ट रूपमा उल्लेख गरी दश रुपैयाँ दस्तुर समेत राखी पानी जहाजको धनीले कार्यालयमा दरखास्त दिनुपर्छ।

✖ पहिलो संशोधनद्वारा झिकिएको ।

(२) उप-नियम (१) बमोजिम नाम परिवर्तन गर्न खोजिएको पानी जहाज बन्धकीमा वा कुनै भार वा प्रतिबन्धयुक्त भएमा त्यस्तो बन्धकी लिने साहू वा सम्बन्धित अन्य व्यक्तिको स्वीकृति समेत त्यस्तो दरखास्त साथ पेश गर्नुपर्छ।

(३) उप-नियम (१) बमोजिम परेको दरखास्त उपर रजिष्ट्रारले जाँचबुझ गर्दा त्यस्तो नाम परिवर्तन गर्न मुनासिब ठहराएमा सोही व्यहोरा निजले दर्ता किताबमा र प्रमाणपत्रमा जनाई स्वीकृति दिनेछ।

१८. **अन्य विवरणमा हेरफेरः** (१) पानी जहाजको टनेज, श्रेणी वा अन्य कुनै विवरणमा हेरफेर भएको खण्डमा त्यस्तो हेरफेर भएको एक महिनाभित्र पानी जहाजको धनीले कार्यालयमा दरखास्त दिनुपर्छ।

(२) उप-नियम (१) बमोजिम दिइने दरखास्तमा सो पानी जहाजको कुन कुन कुरामा के कस्तो हेरफेर भएको हो सो खुलस्त लेख्नुपर्छ।

(३) उप-नियम (१) बमोजिमको दरखास्त प्राप्त भएपछि रजिष्ट्रारले जाँचबुझ गर्दा मुनासिब ठहरे त्यस्तो हेरफेरको व्यहोरा दर्ता किताबमा जनाई अघिल्लो दर्ताको प्रमाणपत्र खारेज गरी पचास रुपैयाँ दस्तुर लिई पुनः अर्को दर्ताको प्रमाणपत्र प्रदान गर्नेछ।

१९. **स्वामित्वमा हेरफेर भएमा सूचना दिनुपर्नेः** (१) ऐनको दफा २२ को अवस्थामा बाहेक नियम ६ बमोजिम पेश भएको स्वामित्व सम्बन्धी विवरणमा उल्लेखित कुनै व्यक्तिको स्वामित्व कुनै कारणले अर्को व्यक्तिमा सर्न आएमा त्यस्तो स्वामित्व प्राप्त गर्ने व्यक्तिले तत्सम्बन्धी सूचना कार्यालयलाई दिनुपर्नेछ।

(२) उप-नियम (१) बमोजिमको सूचना प्राप्त भएपछि रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी त्यस्तो सूचना दिने व्यक्तिको नाउँमा स्वामित्व दर्ता गर्न कुनै बाधा नदेखिएमा मुख्य दर्ता किताबको स्वामित्व सम्बन्धी पानामा र दर्ताको प्रमाणपत्रमा सम्बन्धित व्यक्तिको नाउँ जनाइदिनेछ।

२०. **दर्ता किताबको निरीक्षणः** कार्यालयमा रहेको पानी जहाजको दर्ता किताब हेर्न चाहने व्यक्तिले पाँच रुपैयाँ दस्तुर साथ राखी रजिष्ट्रारको समक्ष दरखास्त दिनुपर्छ र रजिष्ट्रारले निजलाई कार्यालयको समय भित्र आफ्नो रोहवरमा निरीक्षण गराउन सक्नेछ।

नेपाल कानून आयोग

२१. **दर्ता प्रमाणपत्र हराएमा अस्थायी प्रमाणपत्र लिनुपर्नेः** (१) ऐनको दफा १६ को उपदफा (१) को खण्ड (ख) बमोजिम कुनै नेपाली पानी जहाजको दर्ताको प्रमाणपत्र हराएमा क्षतिग्रस्त भएमा वा त्यस्तो प्रमाणपत्रमा उल्लिखित विवरणहरूमा कुनै परिवर्तन भएमा सो पानी जहाजको माष्टर (मुख्य अधिकृत) ले सबभन्दा नजिकको ✖.......... नेपाली वाणिज्य दुतावास वा कुटनैतिक कार्यालयमा कारण समेत उल्लेख गरी दरखास्त दिनुपर्छ।

(२) उप-नियम (१) बमोजिम दिइने दरखास्तको साथ पचास रुपैयाँ वा सो बराबर मूल्यको स्थानीय मुद्रामा दस्तुर दाखिला गर्नुपर्नेछ।

(३) उप-नियम (१) बमोजिम दिएको दरखास्तमा उल्लेखित व्यहोरा मुनासिब ठहरे सम्बन्धित वाणिज्य दूतावास वा कुटनैतिक कार्यालयले नियम १४ बमोजिमको राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्रदान गर्नेछ।

२२. **जहाज सञ्चालन गर्ने सङ्गठित संस्थाको नाम दर्ता गर्नेः** (१) आफ्नै स्वामित्वमा रहेको वा भाडामा लिइएको नेपाली पानी जहाज सञ्चालन गर्न चाहने कुनै सङ्गठित संस्थाले सङ्गठित संस्थाका रूपमा दर्ता भएको दर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत राखी कार्यालयमा आफ्नो व्यवसाय दर्ता गराउनु पर्छ। सो बमोजिम दर्ता नगरिएको सङ्गठित संस्थालाई पानी जहाज सञ्चालन व्यवसाय गर्न दिइनेछैन।

(२) यस नियम बमोजिम जहाज सञ्चालन गर्न आफ्नो व्यवसाय दर्ता नगराएको कुनै सङ्गठित संस्थालाई नेपाल सरकारबाट समय समयमा प्रदान गरिने पानी जहाज व्यवसायको विकास सम्बन्धी विशेष सुविधा प्रदान गरिनेछैन।

(३) यस नियम बमोजिम व्यवसाय दर्ता गराउनको लागि अनुसूची-८ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्छ र त्यस्तो संस्थाले ऐनको दफा २८ को योग्यता प्राप्त गरेको भए अनुसूची-९ बमोजिमको प्रमाणपत्र प्रदान गरिनेछ।

२३. **भार तथा प्रतिबन्ध सम्बन्धमा सूचना दिनु पर्नेः** (१) यस नियमावली बमोजिम दर्ता भएको वा दर्ता गर्नको लागि प्रस्तुत गरिएको पानी जहाजलाई बन्धकीमा दिइएको वा त्यस्तै अन्य कुनै प्रकारको लिखतद्वारा पानी जहाज धनीको हक दावी सीमित गर्ने गरी राखिएकोमा वा ऐनको दफा १२ को उप-दफा (१) मा उल्लेखित हक प्रदान गर्ने वा कायम गर्ने वा प्रतिबन्ध

✖ पहिलो संशोधनद्वारा झिकिएको ।

लगाउने गरी दिइएकोमा पानी जहाज दर्ता गर्नको लागि दिने दरखास्त साथै वा त्यस्तो कुरा भए गरेको ३० दिनभित्र कार्यालयमा सूचना दिनुपर्छ ।

(२) उप-नियम (१) मा उल्लेखित भार वा प्रतिबन्ध लिखित रूपमा तयार गरिएको त्यस्तो लिखितमा भार वा प्रतिबन्धको मूल्याङ्कन अङ्क समेत उल्लेख भएको हुनुपर्छ। त्यस्तो सूचनाको साथमा सो लिखतको प्रमाणित प्रतिलिपि समेत प्रस्तुत गर्नु पर्नेछ।

(३) यस नियम अनुसार प्राप्त भएका सूचनाहरूलाई रजिष्ट्रारले पानी जहाजको दर्ता किताबको भार तथा प्रतिबन्ध सम्बन्धी पानामा मिति र समयको क्रमअनुसार जनाई राख्नेछ। त्यस्तो भार वा प्रतिबन्धहरू मध्ये एकै समान कुरामा आपस्तमा अग्राधिकारको प्रश्न उठेमा सोही पानामा जनिएको मिति र समयको क्रमअनुसार कायम गरिनेछ।

तर त्यस्तो भार वा प्रतिबन्धको दायित्वको हद सम्बन्धित लिखतमा लेखिएको अङ्कभन्दा बढी हुनेछैन।

(४) यस नियम अनुसार दर्ता भएको कुनै पानी जहाज बन्धकी वा करारद्वारा कुनै प्रयोजनको लागि लिइएकोमा त्यस्तो बन्धकी वा करारमा लिने व्यक्तिलाई सो पानी जहाज उपरको स्वामित्व सम्बन्धी कुनै हक प्राप्त हुनेछैन र निजलाई सो पानी जहाज बिक्री गर्ने वा रजिष्ट्रारको स्वीकृति भएमा बाहेक अन्य कुनै प्रकारबाट हस्तान्तरण गर्ने अधिकार हुनेछैन।

(५) कुनै पानी जहाजको सम्बन्धमा यस नियमअनुसार दर्ता किताबको सम्बन्धित पानामा जनिएको कुनै भार वा प्रतिबन्ध समाप्त भएपछि सो कुराको सूचना यथाशीघ्र कार्यालयलाई दिनुपर्छ र त्यस्तो सूचना प्राप्त भएपछि रजिष्ट्रारले सोही कुरा दर्ता किताबको सम्बन्धित पानामा जनाउनेछ।

२४. **डुङ्गाको दर्ताः** (१) ऐनको दफा ७ बमोजिम दर्ता गरिने प्रत्येक डुङ्गा दर्ता गर्नको लागि त्यस्तो डुङ्गाको धनीले अनुसूची-१० बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्नेछ।

(२) उप-नियम (१) बमोजिम डुङ्गा दर्ता गर्नको लागि पचास रुपैयाँ दस्तुर दरखास्त साथ पेश गर्नु पर्नेछ।

(३) उप-नियम (१) बमोजिम परेको दरखास्त उपर जाँचबुझ गरी दर्ता गर्न उपयुक्त देखेमा रजिष्ट्रारले सो डुङ्गालाई अनुसूची-११ बमोजिमको ढाँचाको डुङ्गाको दर्ता किताबमा दर्ता गर्नेछ र अनुसूची-१२ बमोजिमको ढाँचाको प्रमाणपत्र दिनेछ।

२५. **डुङ्गाको परिचयको चिन्हः** (१) नियम २४ अनुसार दर्ता गरिने प्रत्येक नेपाली डुङ्गाको परिचयको चिन्हको रूपमा अङ्क वा अक्षर वा दुवैको क्रमले सूचीबद्ध गरी दर्ता किताबमा दर्ता गरिनेछ।

(२) प्रत्येक नेपाली डुङ्गामा सो डुङ्गाको निमित्त दर्ता भएको परिचयको चिन्ह दायाँ बायाँ तर्फबाट प्रष्ट देखिनेगरी लेखिएको हुनुपर्नेछ।

२६. **नियमावलीका अन्य व्यवस्था लागू हुनेः** यस नियमावलीको नियम ८, १७, १९, २० र २३ मा पानी जहाजको सम्बन्धमा उल्लेखित व्यवस्थाहरू डुङ्गाको सम्बन्धमा पनि यथानुरूप लागू हुनेछ।

२७. **निरीक्षक तथा कर्मचारीहरूको नियुक्तिः** (१) यस नियमावली बमोजिम दर्ता गरिने नेपाली पानी जहाज वा डुङ्गाहरूको वर्गीकरण र त्यस सम्बन्धी अन्य व्यवस्थाहरूको सम्बन्धमा निरीक्षण गरी कार्यालयमा प्रतिवेदन पेश गर्ने कामको निमित्त नेपाल सरकारले आवश्यक सङ्ख्या तथा प्रकारका तत्सम्बन्धी योग्यता प्राप्त भएका नौ परिवहन निरीक्षक वा कर्मचारीहरू नियुक्त गर्न सक्नेछ।

(२) उप-नियम (१) बमोजिम नौ परिवहन निरीक्षक वा कर्मचारी नियुक्त नहुञ्जेल यस नियमावली बमोजिम दर्ता गरिने कुनै पानी जहाज वा डुङ्गाहरूको सम्बन्धमा कुनै अन्तर्राष्ट्रिय जहाज वर्गीकरण संस्था (इन्टरनेशनल क्लासिफिकेशन सोसाइटी) ले प्रदान गरेको वर्गीकरणको प्रमाणपत्रलाई नेपाल सरकारले मान्यता दिनेछ।

२८. **फारामहरू अंग्रेजी भाषामा पनि प्रयोग गर्न पाइनेः** यस नियमावलीको अनुसूचीहरूको फाराम र प्रमाणपत्रहरू रजिष्ट्रारले देवनागरी लिपिको नेपाली भाषाको साथै रोमन लिपिको अङ्ग्रेजी भाषाको अधिकृत अनुवाद समेत राखी तयार गराउन सक्नेछ।

---

**द्रष्टव्यः**— केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः—
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

अनुसूची — १

(नियम ३ सँग सम्बन्धित)

## व्यापारिक पानी जहाज दर्ताको दरखास्तपत्र

श्री रजिष्ट्रार,

नेपाल पानी जहाज कार्यालय,

काठमाडौं,

म/हामी निम्न लिखित विवरण भएको व्यापारिक पानी जहाजको धनी भएको हुँदा सो पानी जहाज मेरो/हाम्रो नाममा पानी जहाजको दर्ता किताबमा दर्ता हुन अनुरोध गर्दछु/छौं।

१. पानी जहाजको प्रस्तावित नामः—

२. पानी जहाजको विवरणः—

(क) चालन शक्ति (जस्तो कि पाल, वाफ, टर्वाइन, डिजेल, ई.) अनुसारको पानी जहाजको किसिम ...........

(ख) डेक, मस्तूल र फनेलको सङ्ख्या ...........

(ग) ग्रस र नेट टनेज ..........

(घ) पानी जहाजको प्रकार र त्यसलाई काम लगाइने उद्देश्य .......

(ङ) जहाज बनौट पदार्थ (जस्तो कि, काठ, कंक्रिट, फलाम, इस्पात, ई.)

(च) मुख्य आयामहरूः—

सम्पूर्ण लम्बाई ......

सत्तरीको चौडाई ......

उचाई ....

(छ) चालन शक्तिको विवरणः—

इन्जिनहरूको सङ्ख्या र प्रकार .....

सिलिण्डरको सङ्ख्या .......

हर्स पावर .......

ब्यायलरको सङ्ख्या र प्रकार .......

इन्जिन निर्माताको नाम .......

इन्जिन बनेको साल ......

(ज) पानी जहाज निर्माता ......

निर्माणको स्थान .....

(झ) पानी जहाज पानीमा उत्रेको साल ....

(ञ) ग्रीष्मभार रेखाले देखाउने भार वाहन क्षमता (ड्राफ्ट अन दि समर लोड लाईन) ......

(ट) ग्रीष्म भार रेखा (समर लोड लाईन) मा कूल वजन क्षमता ......

(ठ) समर लोड लाइनबाट फ्री बोर्ड (इञ्च र सेन्टिमिटरमा) .....

(ड) जहाजको अधिकतम गति (वालास्टमा पूरा भार लादिएको अवस्थामा) .......

(ढ) राख्न सकिने यात्रुको सङ्ख्या ........

(ण) नौ परिवहनको सुरक्षाको निमित्त आवश्यक पर्ने नाविक र कर्मचारीको न्यूनतम सङ्ख्या.................

डेकमा....................

इन्जिनमा....................

रेडियो सेवामा................

खाना तथा भान्सा कार्यतर्फ......................

स्वास्थ्य सेवा....................

(त) अघि कहिं दर्ता गरिएको भएः—

दर्ता गराएको स्थान ........

राष्ट्रियता ......

दर्ता नम्बर .......

३. स्वामित्व प्राप्त भएको तरीका .........

४. अस्थायी प्रमाणपत्र प्राप्त गरेको भएः— ..........

प्रमाणपत्र दिने कार्यालय .......

प्रमाणपत्रको नम्बर .......

प्रमाणपत्रको मिति .......

५. धनी वा धनीहरूको नाम र ठेगाना ..........

उपरोक्त विवरणहरू ठीक दुरूस्त छन् झुठ्ठा ठहरेमा कानून बमोजिम हुने सजाय सहुँला बुझाउँला।

मितिः—

दरखास्तवालाको पूरा नाम

दस्तखत .......

नेपाल कानून आयोग

## अनुसूची — २

**(नियम ४ सँग सम्बन्धित)**

<u>दर्ता दस्तुर</u>

| | |
|---|---|
| १० ग्रस टनभन्दा बढी ५० टनसम्मको पानी जहाज .......... | पचहत्तर रुपैयाँ |
| ५० ग्रस टनभन्दा बढी १०० टनसम्मको पानी जहाज ..... | एकसय पच्चीस रुपैयाँ |
| १०० ग्रस टनभन्दा बढी ५०० टनसम्मको पानी जहाज ..... | दुईसय रुपैयाँ |
| ५०० ग्रस टनभन्दा बढीको पानी जहाजमा प्रत्येक सय टन वा अंशको ..... | पच्चीस रुपैयाँ। |

नेपाल कानून आयोग

# अनुसूची — ३

## (नियम ६ सँग सम्बन्धित)

## स्वामित्व सम्बन्धी विवरण

१. पानी जहाजको प्रस्तावित नामः—

२. एक्लो स्वामित्व भएमा स्वामित्व हुने व्यक्ति वा सङ्गठित संस्थाको नामः—

स्थायी ठेगाना वा कारोबारको मुख्य स्थानः—

अस्थायी ठेगाना वा कारोबारको अतिरिक्त स्थानः—

नागरिकता वा राष्ट्रियताः—

३. सङ्गठित संस्था भएमा सङ्गठित गर्ने कानुनः—

४. सङ्गठित संस्था भए सञ्चालक समितिको प्रत्येक सदस्यको नामः—

ठेगानाः—

नागरिकताः—

शेयर हिस्साः—

५. सह-स्वामित्वको भएमा प्रत्येक सह—स्वामित्वको माथिको प्रकरणहरू बमोजिमको विवरण र स्वामित्वको हिस्साः—

नेपाल कानून आयोग

**अनुसूची – ४**

**(नियम ११ सँग सम्बन्धित)**

नेपाल सरकार

निर्माण तथा यातायात मन्त्रालय

नेपाल पानी जहाज कार्यालय

काठमाडौं

व्यापारिक पानी जहाजको दर्ता किताब

**मुख्य किताब (मेन बूक)**

नेपाल कानून आयोग

दोश्रो पाना

व्यापारिक पानी जहाजको दर्ता किताब

**मुख्य किताब (मेन बूक)**

समाविष्ट भाग नं..............................

पानी जहाजको नाम..........................

क्रम सूचक सङ्ख्या............................

नेपाल कानून आयोग

## तेश्रो पाना

## क. विवरण सम्बन्धी पाना

| सि.नं. | पानी जहाजको विवरण | हेरफेर निर्णय नं. तथा मिति |
|---|---|---|
| १. | चालन शक्ति (मोटिभ पावर) (जस्तो कि पाल, वाफ, टर्वाईन, डिजेल, विद्युत आदि) अनुसारको पानी जहाजको किसिम — | |
| २. | दर्ता गरिएको ठाउँ | |
| ३. | डेक, मस्तुल (माष्ट) र फनेलको सङ्ख्या — | |
| ४. | रजिष्ट्रार टनेजः ग्रस —<br>नेट | |
| ५. | पानी जहाजको प्रकार र त्यसलाई काममा लगाइने उद्देश्यः— | |
| ६. | पानी जहाज बनेको वस्तु (जस्तो कि काठ, क्रंकिट, फलाम, इस्पात वा मिश्रित) | |
| ७. | मुख्य आयामहरूः<br>पूरा लम्बाईः—<br>सतरीको चौडाईः—<br>उचाईः— | |

| | | |
|---|---|---|
| ८. | चालन शक्तिको विवरणः—<br>इन्जिनहरूको सङ्ख्या र प्रकारः—<br>सिलिण्डरको संख्याः—<br>हर्स पावरः—<br>ब्वायलरको सङ्ख्या र प्रकारः—<br>इन्जिन निर्माताको नामः—<br>इन्जिन बनेको सालः— | |
| ९. | पानी जहाजको निर्माताः—<br>निर्माणको स्थानः—<br>पानीमा उत्रेको सालः— | |
| १०. | ग्रीष्म भार रेखाले देखाउने भारवहन क्षमताः—<br>(ड्राफ्ट अन दि समर लोड लाईन) | |
| ११. | ग्रीष्म भार रेखामा कूल वजन क्षमता — | |
| १२. | समर लोड लाइनबाट फ्री बोर्डः—<br>इन्चीः—<br>सेन्टिमिटरः— | |
| १३. | जहाजको अधिकतम गतिः—<br>(वालाष्टमा र पूरा भार लादिएको अवस्थामा) | |
| १४. | राख्न सकिने यात्रुको संख्याः— | |
| १५. | नौ परिवहनको सुरक्षाको निमित्त आवश्यक पर्ने नाविक र कर्मचारीहरूको न्यूनतम संख्याः—<br>डेकमाः—<br>इन्जिनमाः—<br>रेडियो सेवामाः—<br>खाना तथा भान्सा कार्य सेवामाः—<br>स्वास्थ्य सेवामाः— | |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| १६. | अघि कहीं दर्ता गरिएको भए दर्ता गरिएको ठाउँ तथा अघिको राष्ट्रियताः— | |
| १७. | हालको दर्ता मितिः— | |
| १८. | दर्ताको प्रमाणपत्र जारी गरिएको मितिः— | |
| १९. | पानी जहाजको परिचयको निमित्त आवश्यक चिन्ह वा अन्य विवरणः— | |

नेपाल कानून आयोग

## चौथो पाना

## ख. स्वामित्व सम्बन्धी पाना

| सि.नं. | स्वामित्वको विवरण | पानी जहाजको हिस्सा |
|---|---|---|
| | | |

नेपाल कानून आयोग

## पाँचौ पाना

## ग. भार प्रतिबन्ध सम्बन्धी पाना

| सि.नं. | भार वा प्रतिबन्धको प्रकार र विवरण तथा सम्बन्धित व्यक्तिको नाम, ठेगाना | दर्ता भएको मिति र समय | मूल्याङ्कित अङ्क |
|---|---|---|---|
| | | | |

नेपाल कानून आयोग

**अनुसूची — ५**

**(नियम १२ सँग सम्बन्धित)**

**<u>पानी जहाज दर्ताको प्रमाणपत्र</u>**

नेपाल सरकार

निर्माण तथा यातायात मन्त्रालय

नेपाल पानी जहाज कार्यालय

काठमाडौं

प्रमाणपत्र नं.......................

पानी जहाज दर्ता ऐन, २०२७ र सो अन्तर्गत बनेको नेपाली पानी जहाज दर्ता नियमावली, २०२८ अनुसार निम्नलिखित विवरण भएको .................................... नामको व्यापारिक पानी जहाजलाई नेपालको प्रचलित कानून र तिनमा उल्लेखित शर्त बन्देजमा रहने गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

मितिः—  रजिष्ट्रार

नेपाल कानून आयोग

| सि.नं. | पानी जहाजको विवरण | हेरफेर निर्णय नं. तथा मिति |
|---|---|---|
| १. | चालन शक्ति (मोटिभ पावर) (जस्तै कि पाल, वाफ, टर्वाइन, डिजेल—विद्युत् आदि) अनुसारको पानी जहाजको किसिमः— | |
| २. | दर्ता गरिएको ठाउँः— | |
| ३. | डेक, मस्तुल (मास्ट) र फनेलको संख्याः— | |
| ४. | रजिष्टर टनेज — ग्रसः—<br>नेटः— | |
| ५. | पानी जहाजको प्रकार र त्यसलाई काममा लगाइने उद्देश्यः— | |
| ६. | पानी जहाज बनेको वस्तु (जस्तो कि काठ, कंक्रिट, फलाम, इस्पात वा मिश्रित)— | |
| ७. | मुख्य आयामहरूः—<br>पूरा लम्बाईः—<br>सत्तरीको चौडाईः—<br>उचाईः— | |
| ८. | चालन शक्तिको विवरणः—<br>इन्जिनहरूको सङ्ख्या र प्रकारः—<br>सिलिण्डरको संख्याः—<br>हर्स पावरः—<br>ब्वायलर सङ्ख्या र प्रकारः—<br>इन्जिन निर्माताको नामः—<br>इन्जिन बनेको सालः— | |
| ९. | पानी जहाजको निर्माताः—<br>निर्माणको स्थानः—<br>पानीमा उत्रेको सालः— | |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| १०. | ग्रीष्म भार रेखाले देखाउने भारवहन क्षमताः— (ड्राफ्ट अन दि समर लोड लाईन) | |
| ११. | ग्रीष्म भार रेखामा कूल वजन क्षमताः— | |
| १२. | समर लोड लाइनबाट फ्रि बोर्डः—<br>इञ्चीः—<br>सेन्टिमिटरः— | |
| १३. | जहाजको अधिकतम गतिः—<br>(वालाष्टमा र पूरा भार लादिएको अवस्थामा) । | |
| १४. | राख्न सकिने यात्रुको संख्याः— | |
| १५. | नौ परिवहनको सुरक्षाको निमित्त आवश्यक पर्ने नाविक र कर्मचारीहरुको न्यूनतम सङ्ख्या<br>डेकमा..........<br>इन्जिनमा.............<br>रेडियो सेवामा................<br>खाना तथा भान्सा कार्य सेवामा.........<br>स्वास्थ्य सेवा................... | |
| १६. | अघि कहिं दर्ता गरिएको भए दर्ता गरिएको ठाउँ तथा अघिको राष्ट्रियताः— | |
| १७. | हालको दर्ता मितिः— | |
| १८. | दर्ताको प्रमाणपत्र जारी गरिएको मितिः— | |
| १९. | पानी जहाजको परिचयको निमित्त आवश्यक चिन्ह वा अन्य विवरण | |

नेपाल कानून आयोग

## अनुसूची — ६

### (नियम १४ सँग सम्बन्धित)

### अस्थायी प्रमाणपत्रका लागि दरखास्त

श्रीमान्,

✖.......... नेपाली राजदूतावास र वाणिज्य दूतावास

.........................

मैले/हामीले निम्न लिखित विवरण भएको पानी जहाजको स्वामीत्व प्राप्त गरेको हुनाले सो पानी जहाजलाई नेपाली पानी जहाज कार्यालयमा दर्ता गराउने भएको। भएकोले उक्त पानी जहाजलाई नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्रदान गरिदिन हुन अनुरोध गर्दछु/गर्दछौं।

१. पानी जहाजको नामः—

२. पानी जहाज खरीद भएको मिति र ठाउँः—

३. पानी जहाज खरीद गर्ने व्यक्तिहरूको नाम र ठेगानाः—

४. मास्टर (मुख्य अधिकृत) को नामः—

५. पानी जहाजको किसिम र प्रकारः—

६. पानी जहाजको ग्रस र नेट टनेजः—

७. पानी जहाजको मुख्य आयामहरूः—

पूरा लम्बाईः—

सत्तरीको चौडाईः—

उचाईः—

८. फ्रि बोर्डको आयामः—

९. पानी जहाजको निर्माता र निर्माण भएको स्थानः—

---

✖ पहिलो संशोधनद्वारा झिकिएको ।



नेपाल कानून आयोग

१०. साविकका राष्ट्रियताः—

११. बिक्री गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः—

१२. खरीद गर्न सिफारिस प्राप्त भएको मिति र नम्बरः—

१३. पानी जहाजले भ्रमण गर्ने मुलुकहरूः—

मितिः— ......................

दरखास्तवालाको नाम

दस्तखत......................

नेपाल कानून आयोग

**अनुसूची — ७**

**(नियम १४ सँग सम्बन्धित)**

नेपाल सरकार

परराष्ट्र मन्त्रालय

✖........... नेपाली राजदूतावास । वाणिज्य दूतावास

(स्थान)

**नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्र**

पानी जहाज दर्ता ऐन, २०२७ र सो अन्तर्गत बनेको नेपाली पानी जहाज दर्ता नियमावली, २०२८ अनुसार निम्नलिखित विवरण भएको ....... नामको व्यापारिक पानी जहाजलाई नेपालको प्रचलित कानून र तिनमा उल्लेखित शर्त बन्देजमा रहने गरी नेपाली राष्ट्रियताको यो अस्थायी प्रमाणपत्र प्रदान गरिएको छ।

यो प्रमाणपत्र ऐनको दफा १७ मा उल्लेखित अवधिसम्म बहाल रहनेछ।

यो प्रमाणपत्र वहाल रहुन्जेलसम्म यसमा नामाङ्कित पानी जहाजलाई प्रचलित नेपाल कानून अनुसार नेपाल ✖...........को व्यापारिक पानी जहाजको झण्डा प्रयोग गर्न पाउने अधिकार हुनेछ।

---

१. पानी जहाजको नाम

२. पानी जहाज खरीद भएको मिति र ठाउँः—

३. पानी जहाज धनीको नाम

ठेगाना

राष्ट्रियता

४. मास्टर (मुख्य अधिकृत) को नाम

---

✖ पहिलो संशोधनद्वारा झिकिएको ।

ठेगाना

राष्ट्रियता

५. पानी जहाजको किसिम र प्रकार

६. पानी जहाजको टनेज ग्रसः—

नेटः—

७. पानी जहाजको मुख्य आयामहरू

पूरा लम्बाई

सत्तरीको चौडाई उचाई

८. फ्रि बोर्डको आयाम

९. पानी जहाजको निर्माता

निर्माण स्थान

१०. अघिल्लो राष्ट्रियता

११. अघिल्लो दर्ताको स्थान

१२. बिक्री गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

१३. पानी जहाज भ्रमण गर्ने मुलुकहरू

मितिः— ............................ अस्थायी प्रमाणपत्र दिने अधिकारी

नेपाल कानून आयोग

# अनुसूची — ८

## (नियम २२ सँग सम्बन्धित)

## पानी जहाज सञ्चालन व्यवसायको लागि दरखास्त

श्री रजिष्ट्रार,

नेपाली पानी जहाज कार्यालय,

काठमाडौं

पानी जहाज सञ्चालन सम्बन्धी व्यवसाय गर्ने गरी सङ्गठित संस्थाको स्थापना भएको हुँदा। पानी जहाज सञ्चालन गर्न यस संस्था इच्छुक भएको हुँदा । त्यस कार्यालयको दर्ता किताबमा दर्ता गरिदिनु हुन यो दरखास्त पेश गरिएको छ। व्यवसायको आवश्यक विवरण निम्न लेखिए अनुसार छ। पानी जहाज सम्बन्धी प्रचलित नेपाल कानूनको अधीनमा रही व्यवसाय गर्न यो संस्था मञ्जुर गर्दछ।

मितिः—........................ दरखास्तवालाको नाम

दस्तखत

विवरण

१. संस्थाको नामः—

२. संस्थाको कारोवारको केन्द्रीय र शाखा कार्यालयको स्थानहरूः—

३. सङ्गठित गर्ने गरी प्रमाणपत्र दिने कार्यालयः—..................

४. सङ्गठित गर्ने प्रमाणपत्रको नम्बर र मितिः—........................

५. सङ्गठित संस्थाको प्रत्येक हिस्सेदारको नाम, राष्ट्रियता र हिस्साको सङ्ख्या वा प्रतिशतः—............................

६. व्यवसायको प्रकार र विवरणः—

७. व्यवसाय सञ्चालन गर्ने मुख्य स्थानः—

## अनुसूची — ९

**(नियम २२ सँग सम्बन्धित)**

**पानी जहाज सञ्चालन व्यवसायको प्रमाणपत्र**

नेपाल सरकार

निर्माण तथा यातायात मन्त्रालय

नेपाल पानी जहाज कार्यालय

काठमाडौं

१. प्रमाणपत्र नं.

२. संस्थाको नाम र ठेगाना

३. व्यवसायको प्रकार र विवरण

४. व्यवसायको मुख्य स्थान

उपरोक्त सङ्गठित संस्थालाई पानी जहाज सम्बन्धी प्रचलित नेपाल कानूनको अधीनमा रही पानी जहाज सञ्चालनको व्यवसाय गर्न पाउने गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

मितिः—..............................                                        रजिष्ट्रार

नेपाल कानून आयोग

## अनुसूची — १०

**(नियम २४ सँग सम्बन्धित)**

**<u>डुङ्गा दर्ताको दरखास्तपत्र</u>**

श्री रजिष्ट्रार,

नेपाल पानी जहाज कार्यालय,

काठमाडौं

म/हामी निम्नलिखित विवरण भएको डुङ्गाको धनी भएको हुँदा सो डुङ्गा मेरो/हाम्रो नाममा डुङ्गाको दर्ता किताबमा दर्ता गरी दिन हुन अनुरोध गर्दछु/छौं ।

१. डुङ्गा धनीको पूरा नाम, ठेगाना र पेशाः— ..............................

२. डुङ्गाको प्रस्ताविक नामः—..................................

३. डुङ्गा कहिले र कसरी प्राप्त भएकोः—.......................

४. डुङ्गा निर्माण भएको स्थान र वर्षः—...........................

(डुङ्गा बनाउनेको नाम र ठेगाना भए सो पनि)

५. डुङ्गाको प्रकार—पूर्ण खुला/डेक भएको /अर्द्धडेक भएकोः—............................

६. इन्जिनको वर्णन र प्रकार र अश्व शक्तिः—..............................

७. पूर्णरूपले लादिएको अवस्थामा डुङ्गाको अधिकतम गतिः—........................

८. कुन कामको लागि प्रयोगमा ल्याइने होः—....................................................

..............................................................................................................

९. पहिले रजिष्टर्ड भएको भए त्यसको नाम र रजिष्टर संख्याः—.............................

१०. डुङ्गा पहिले कसैको बन्धकीमा रहेको भए त्यसको विवरणः—..............................

मितिः—...........................                                        दरखास्तवालाको नाम

दस्तखत

## अनुसूची — ११

### (नियम २४ सँग सम्बन्धित)

### डुङ्गाको दर्ता किताब

क्रम संख्याः—.....................                डुङ्गाको नामः—............

दर्ता भएको स्थान र मितिः—..........................

स्वामित्व सम्बन्धी विवरण

| धनी वा धनीहरूको नाम र स्थायी ठेगाना | कारबाहीको मुख्य ठाउँ र कार्यक्षेत्र | प्रत्येकको हिस्सा |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

डुङ्गाको विवरण

(क) प्रकारः— खुला डेक भएको वा अद्र्ध डेक भएकोः—......................

(ख) डुङ्गा बनेको वस्तुः—..............................

(ग) डुङ्गा पेटा—काठको वा मिश्रितः—..........................

(घ) डुङ्गा बनेको स्थान र वर्षः—..............................

(ङ) डुङ्गाको निर्माता र निर्माणको स्थानः—....................

(च) मस्तुल संख्याः—..............................

(छ) डुङ्गाको व्यवधान (ब्लकहेड) को संख्याः—........................

(ज) डुङ्गाको भित्री भागको संख्याः—...............................

(झ) रस्साबाट सुसज्जित भएको, नभएकोः—.....................

भार तथा प्रतिबन्धको विवरण

| सि.नं. | भार वा प्रतिबन्धको प्रकार र विवरण तथा सम्बन्धित व्यक्तिको नाम र ठेगाना | दर्ताको मिति र समय | मूल्याङ्कित अङ्क |
|---|---|---|---|
| | | | |

## अनुसूची — १२

**(नियम २४ सँग सम्बन्धित)**

**<u>डुङ्गाको दर्ताको प्रमाणपत्र</u>**

नेपाल सरकार

निर्माण तथा यातायात मन्त्रालय

नेपाल पानी जहाज कार्यालय

काठमाडौं

प्रमाणपत्र नंः—.........................

पानी जहाज दर्ता ऐन, २०२७ र पानी जहाज दर्ता नियमावली, २०२८ अनुसार निम्न लिखित विवरण भएको ..................................................................नामको डुङ्गालाई नेपालको प्रचलित कानून र तिनको शर्त बन्देजमा रहने गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१. डुङ्गा धनीको नाम र ठेगाना र पेशाः—...............................

२. डुङ्गाको नामः—.....................................

३. क्रम सूचीः—.........................................

४. दर्ता भएको स्थानः—.................................

५. डुङ्गाको आयातः— (क) लम्बाईः—............................

(ख) चौडाईः—...............................

(ग) गहिराईः—...............................

६. ग्रस टनेजः—....................................

७. रजिष्टर टनेजः—................................

मितिः—.......................... रजिष्ट्रार

नोट : "निर्माण तथा यातयात मन्त्रालय" को सट्टा " भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय" कायम भएको।



नेपाल कानून आयोग